# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

च.न :                                                                                          मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
कपुरकोट गाउँपालिकाको कार्यालय
सल्यान ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट कपुरकोट गाउँपालिकाको कार्यालयको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड २२ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.३६ लाख ३७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ लाख १० हजार र पेश्की रु.७८ लाख ६६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. श्रेस्ता भन्दा बैंक वढी रहेको रु.२६ लाख १६ हजार आम्दानीनै नभएको रकम श्रेस्तामा देखिएकोले के वापत प्राप्त भएको हो एकिन हुन सकेको छैन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।६।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफा हटाई कायम व्यहोराहरुको लेखापरीक्षण प्रतिवेदन पाना १४ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# कपुरकोट गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न बनगाड कुपिण्डे नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्देश्य हो । कर्णाली प्रदेशमा अवस्थित यो नगरपालीका अर्न्तगत ६ वडा र ३४ सभा सदस्य रहेका छन् । यो नगरपालिकाको क्षेत्रफल ११९.२१ व.कि.मी.र जनसंख्या १८२०४ रहेको छ । यो नगरपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लामा रहेको छ ।

**स्थानीय सञ्चित कोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था देहाय बमोजिम छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | रकम | |
| १ | गत वर्षको जिम्मेवारी | | ६६६५०००।०० | १ | चालू खर्च | २७०२२०९४।०० | २७०२२०९४।०० |
| | क. नगद | ० | | २ | पुजिगत खर्च | ११४३७४२३६।०० | ११४३७४२३६।०० |
| | ख. बैक | ६६६५०००।०० | | ३ | सर्शत्र तर्फ | | ७७३४७१२६।०० |
| २ | राजश्व आन्तरिक आय | | | | क. सामाजिक सूरक्षा | १६९७५५५०।०० | |
| | क.आन्तरिक राजश्व | २१०८५९०।५४ | २१३६५१६।५४ | | ख.स्वास्थ्य | १०८३२८७८।०० | |
| | ख. अन्य आय ा.गत पर्ष आम्दानी | २७९२६।०० | | | ग.शिक्षा | ४५४८३१४१।०० | |
| | | | | | ङ.पशु | २९५७१०।०० | |
| ३ | वित्तिय हस्तन्तरण, | | २३०२८४३५०।०० | | च.कृषि | ५९३०००।०० | |
| | क.वित्तिय समानिकरण अनुदान | १४९२९८०००।०० | | | छ.आयूर्वेद | १७८६८३७।०० | |
| | ख. सामाजिक सूरक्षा | १७०५८३५०।०० | | | ज.LGCDP | १३८००००।०० | |
| | ग.स्वास्थ्य | १२०२२०००।०० | | ४ | धरौटी फिर्ता | १२६६००।०० | १२६६००।०० |
| | घ.शिक्षा | ४७४२२०००।०० | | ५ | शिक्षा विकास समन्वय ईकाई | ७९१००।०० | ७९१००।०० |
| | ङ.पशु | २९६०००।०० | | ६ | मौज्दात | | २४५३१४६७।४९ |
| | च.कृषि | ५९३०००।०० | | | क. संचित कोष | १९६३०८४९।४९ | |
| | छ.आयूर्वेद | २२१५०००।०० | | | ख.अन्य कोष आम्दानी | ४२७८१९२।०० | |
| | ज.LGCDP | १३८००००।०० | | | ग. धरौटी | ३११२१३।०० | |
| ५ | शिक्षा विकास समन्वय ईकाई | ७९१००।०० | ७९१००।०० | | घ. नगद | | |
| | अन्य कोष | ४२७८१९२।०० | ४२७८१९२।०० | ७ | को.ले.नि. का फिर्ता | ३६३९२३४। | ३६३९२३४। |
| ६ | धरौटी आय | ४३७८१३।०० | ४३७८१३।०० | | | | |
| ७ | फरक रकम | २६१६४४९।९५ | २६१६४४९।९५ | | | | |
| | **जम्मा :** | | २४६८०८६४४।४९ | | **जम्मा :** | | २४६८०८६४४।४९ |

# लेखापरीक्षण प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

**१.** **संचित कोष (स्थानीय सरकार) :** गाँउपालिकाको सर्व संचित कोषमा गत बर्षको रु.६६६५०००।०० बचत रहेकोमा यस बर्षको आन्तरिक आयबाट रु.२१,३६,५१६।५४ संघीय सरकारबाट समानीकरण, शर्शत तथा विभिन्न कार्यक्रम वापत रु.२१८७४३४५६।०० समेत रु.२२७५४४९७२।५४ आय भएकोमा आन्तरिक चालु तथा पूँजिगत तर्फ रु १४१३९६३३०।०० र शशर्त तथा तोकिएका विभिन्न कार्यक्रममा रु.७७३४७११६।०० निकासा भएकोमा नेपाल सरकारको संचित कोषमा ३६३९२३४।०० खर्च भएकोले रु.१९६३०८४९।४९ संचित कोष बाँकी रहेको छ । स्रेस्ता भन्दा वैंक मौज्दातमा रु. २६,१६,४४९।४५ भन्दा वढी देखिन्छ । वढी भएको रकम आम्दानी वाँधी अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

**२.** **वित्तीय समानिकरण :** यस बर्ष संघीय सरकारबाट वित्तिय समनिकरण वापत रु.१४९२९८०००।०० निकासा दिएकोमा गाँउलिकाले चालु तथा पूँजिगतमा बर्गिकरण गरी देहाय बमोजिम खर्च गरेको छ ।

| सि.नं | विवरण | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|
| १. | चालु खर्च | २७८६५०००.०० | २७०२२०९४.०० | ८४२९०६.०० |
| २. | पूँजिगत खर्च | १२१४३३०००.०० | ११४३७४२३६.०० | ७०५८७६४.०० |
| **जम्मा** | | १४९२९८००० | १४१३९६३३०.०० | ७९०१६७० |

गाँपालिकाले वैंक खाताको हिसाब मिलान विवरण तयार नगरेकोले पेश भएको विवरण अनुसार आय ठिक छ भनि एकिन हुन सकेन वैंक खाता बमोजिम वैंक हिसाब विवरण तयार गरी लेखा अध्यावधिक गर्नु पर्दछ ।

**३.** सरकारी कार्यालयमा हुने खर्चको प्रकृति अनुसार खर्च रकमलाई चालु र पूँजिगतमा बर्गिकरण गरी बजेट तयार गर्नु पर्ने र सोही अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले बजेट तथा कार्यक्रम तयार गर्दा चालु बजेटमा समावेश हुने विभिन्न कार्याक्रमलाई पूँजीगत बजेट शिर्षकबाट खर्च गर्ने गरी कार्यक्रम स्वीकृत भएको देखियो । जसका केही उदाहरण देहायबमोजिम छन् ।

| कार्यक्रमको नाम | खर्च रकम(हजारमा) |
|---|---|
| आमा सुरक्षा तालिम | ३०० |
| महिला,वलवालिका, दलित समुदायलाई सशक्तिकरण तालिम | ७८० |
| सरसफाई तथा पूर्णखोप कार्यक्रम | २०० |
| आरण सुधार तालिम | ३०० |
| महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता | ४४० |
| **जम्मा** | **२०२०** |

चालु प्रकृतिका खर्च चालु बजेटमा समावेश गरी बजेट तर्जुमा गर्नु पर्दछ ।

**४.** **सशर्त अनुदान** - गाँउपालिकाबाट क्षेत्रगत रुपमा कार्य सम्पादन गर्न यस बर्ष देहायबमोजिम शर्शत बजेट विनियोजन तथा खर्च भएको छ ।

| सि.नं | विवरण | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|
| १. | शिक्षा | ४७४२२०००.०० | ४५४८३१४१.०० | १९३८८५९.०० |
| २. | स्वास्थ्य | १२०२२०००.०० | १०८३२८७८.०० | ११८९१२२.०० |
| ३. | कृषि | ५९३०००.०० | ५९३०००.०० | ० |
| ४. | पशु | २९६०००.०० | २९५७१०.०० | २९०.०० |
| ५. | सामाजिक सुरक्षा | १७०५८३५० | १६९७५५५०.०० | ८२८००.०० |
| ६. | LGCDP चालु | ७८००००.०० | ७८००००.०० | ० |
| ७. | LGCDP पुँजिगत | ६०००००.०० | ६०००००.०० | ० |
| ८. | आयुर्वेद चालु | १९१९०००.०० | १५००८४८.०० | ४१८१५२.०० |
| ९. | आयुर्वेद पूँजीगत | २९६०००.०० | २८५९८९.०० | १००११.०० |
| | जम्मा | ८१८१७०००.०० | ७७३४६७५२.०० | ३६,३९,२३४.०० |

शसर्त अनुदान रकम मध्ये खर्च नभई बाँकी रहेको रकम रु. ३६३९२३४।०० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता भएको छ ।

**५.** **आन्तरिक कोषहरु(ग ५ समुह खाता) :** गाँउपालिकामा संचालित कोषहरु देहाय बमोजिम छन् :

| कोषको नाम | जम्मा आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|
| कर्मचारी कल्याण कोष | ५०००००.०० | ० | ५०००००.०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>मर्मत संभार कोष</td><td>२४४९८१२.००</td><td>०</td><td>२४४९८१२.००</td></tr>
<tr><td>बातावरण संरक्षण कोष</td><td>१३२८३८०.००</td><td>०</td><td>१३२८३८०.००</td></tr>
<tr><td>जम्मा</td><td>४२७८१९२.००</td><td>००.००</td><td>४२७८१९२.००</td></tr>
</table>
उल्लेखित कारोवारका सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ ।</td><td></td></tr>
<tr><td>५.१.</td><td>कर्मचारी कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छ । कोष सम्वन्धी कार्यविधि तयार नभएकोले कोषको स्थापना र सञ्चालनमा रहेको छैन । कोष स्थापना गरेको भएपनि कार्यविधि निर्माण गरी सञ्चालन गरेको देखिएन । कोष व्यवस्थापनको कार्यविधि तयार गरी सञ्चालन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक आय : गाँउालिकाले यस बर्ष विभिन्न श्रोत बाट रु. २१०८५९०।५४ आन्तरिक आय प्राप्त गरेको छ । आन्तरिक आयका सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :</td><td></td></tr>
<tr><td>६.१.</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिमको राजश्व परामर्श समितिले राजस्वका श्रोत,दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाको राजश्व परामर्श समितिले यस वर्ष रु. ५५७००००।०० राजस्व प्राप्त गर्ने प्रक्षेपण गरेकोमा रु. २१०८५९०।५४ राजस्व प्राप्त भएको छ । गाँउ पालिकालाई प्राप्त हुने सबै प्रकारका राजश्वका श्रोत र दरको विश्लेषण वेगर राजस्व प्रक्षेपण गरेकोले शुरु प्रक्षेपित राजश्वको ३७.८५ प्रतिशत मात्र राजश्व संकल भएको छ । राजश्व अनुमान गर्दा यस सम्वन्धी नीति तथा कानूनको तर्जुमा, राजश्वका श्रोत,दायरा र दर समेतको विश्लेषणको आधारमा निर्धारण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.२.</td><td>राजस्व आम्दानीको निर्णय देखी असुली तथा दाखिला सम्मका दैनिक आम्दानी किताब,राजश्व वैंक दाखिला अभिलेख तथा राजश्वको गोश्वारा भौचर सहितको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा आन्तरीक आयको लेखा राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको पाईएन । ऐनमा व्यवस्था भए बमोजिम अख्तियारी प्राप्त गरी खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>वजेट पेश गर्ने तथा पारित गर्ने : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आषाढ ३० गते राजस्व तथा व्ययको अनुमान पेश गरी ३२ गते पारित गरिएको पाईयो । ऐनले तोकेको अवधि भित्रै बजेट पारीत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>स्थानीय तथ्यांक र अभिलेख : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति , कानून र सोको मापदण्ड बनाएको पाईएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पूजीगत रु. ११ करोड ४३ लाख ७४ हजार मध्ये प्रथम चौमासिकमा रु १ करोड १४ लाख ३७ हजार अर्थात १० प्रतिशत, दोश्रो चौमासिकमा रु ३ करोड ५२ लाख १२ हजार अर्थात ३० प्रतिशत र तेश्रो चौमासिकमा रु ६ करोड ७७ लाख २४ हजार अर्थात ६० प्रतिशत खर्च गरेको देखिएको छ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | यसरीनै आषाढमा रु २ करोड १९ लाख ७४ हजार अर्थात १९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । सवै चौमासिकमा लक्षित कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| **११.** | **सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत शाखाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत : हस्तान्तरण हुने व्यवस्था छ । यस गाँउपालिकामा पर्ने सेवा केन्द्रहरु यस गाँउ पालिका अन्तर्गत रहेको भए पनि सम्पत्ति हस्तान्तरण भएको पाईएन । त्यस्तै कार्यालयले खरिद गरेका र विषयगत शाखामा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाँउपालिकामा नराखिएमा सामान हराउने,चोरी हुने र दुरुपयोग हुने भएकोले सबै बिषयगत शाखामा रहेका समानको अभिलेख गाँउपालिका कार्यालयमा राख्ने र विषयगत शाखामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ । | |
| **१२.** | **पदाधिकारी सुविधा :** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा गाउपालिकाका अध्यक्ष,वडाध्यक्ष कार्यपालिकाका सदस्य र वडा सदस्यले प्राप्त गर्ने सुविधा सम्वन्धमा ऐनको अनुसूची १ मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यापालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था छ । गाउँपालिकाले पदाधिकारीलाई सुविधा प्रदान गर्दा आन्तरिक आयको आधार नलिई प्रदेशले तोके बमोजिमको रकम प्रदान गरेको देखियो । ऐनमा व्यवस्था भएबमोजिम प्रदेश ऐनले तोकेको सुविधालाई अतिकतम मानी गाँउपालिकाको आन्तरिक आय समेतलाई आधार लिई सुविधा रकम निर्धारण गर्नु पर्दछ । | |
| **१३.** | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी २४ रहेपनि संघिय सरकारबाट ३ जना र साविक स्थानिय निकायका १४ गरी जम्मा पदपूर्ति १७ भएकोमा १२ करारमा कार्यरत रहेको देखियो । स्वीकृत दरबन्दी अनुसार पद नहुँदा सेवा प्रवाहमा असर गर्ने भएकोले स्वीकृत दरबन्दी पूर्ति हुनु पर्दछ । | |
| **१४.** | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ। त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाँउपालिकाले कार्यालय संचालनको लागि साविक गाँउ विकास समितिमा कार्यरत तथा नयाँ करार संझौता समेत गरी २८ जना करारमा नियूक्त गरेको पाइयो । साविक गाउँ विकास समितिमा काम काज गरी आएका कर्मचारीलाई निरन्तरता दिने निर्णय गरी तलब भुक्तानी दिएकोमा करार संझौता गरेको पाईएन । यस सम्बन्धमा साविकमा करार नियुक्ती गरिएकोले करार संझौता नगरेको कार्यालयले जवाफ दिएको छ । करारमा कार्य गर्नेसंग करार संझौता गरी पारिश्रमिक भुक्तानी गर्नु पर्दछ र नियमा व्यवस्था भए बमोजिम प्रतिस्पर्धाबाट करार सेवा लिनु पर्दछ । | |
| **१५.** | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । योजना रकम भुक्तानी दिंदा सार्वजनिक परीक्षण फारम संलग्न गरेको पाईयो । सार्वजनिक परीक्षणमा सरोकारवालाको न्यून उपस्थिति देखियो साथै खर्चमा सवै क्रियाकलापको विवरण उल्लेख गरी सार्वजनिक गरेको देखिएन । सरोकारवाला सबैलाई उपस्थित गराई खर्च भएका रकमको सम्पूर्ण विवरण समेत सार्वजनिक गरी सार्वजनिक लेखापरीक्षण हुनु पर्दछ । | |
| **१६.** | **योजना कार्यान्वयन र अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष निर्माण गरेको सडक, तार जाली खरिद,खानेपानी लगायतका २१९ वटा योजनाहरु सञ्चालन गरेकोमा त्यस्ता निर्माण कार्यको अभिलेख अद्यावधिक राखेको देखिएन । अभिलेखीकरण नभएको कारण आगामी दिनमा विगतमा संचालन भएका योजनाहरुको प्रतिफल तथा लागतको मूल्यांकन गरी योजना तर्जुमा गर्ने कार्यमा प्रभाव पर्ने देखिन्छ । तसर्थ अभिलेख अद्यावधिक गर्नु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १७. | **स्पेसिफिकेशन :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार वोलपत्रदाताले स्पेशिफिकेशन अनुरुप मालसामान नवुझाएमा आपूर्तिकर्तालाई नै फिर्ता गरी स्पेशिफिकेशन वमोजिमको सामान आपुर्ति गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले मेसनरी औजार सामान खरिद गर्दा स्पेसिफिकेसन तोकि खरिद गरेको भएपनि सामान प्राप्त गर्ने समयमा त्यसलाई प्रमाणित गर्ने गरेको देखिएन । गाउँपालिकाले खरिद भएका सामानको सम्वन्धित कर्मचारीहरुले प्रमाणित गरी तोकिएको स्पेसिफिकेशन अनुसार खरिद भए नभएको एकीन गर्ने व्यवस्था हुनु पर्ने देखिन्छ । | |
| १८. | **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाँउपालिका कार्यालयवाट २१९ वटा योजना तथा कार्यक्रम पारित भएको छ । गाउँपालिकाले विनियोजन गरेको योजनाको तुलनामा प्राविधिक कर्मचारी संख्या ३ जना मात्र रहेका तथा अधिकांश योजना असारमा सम्पन्न भएको देखिएकोले न्यून संख्याका प्राविधिकहरुवाट नापजाँच हुँदा गुणस्तरमा असर पर्ने देखिन्छ । योजना संख्या र प्राविधिक कर्मचारीमा तालमेल हुनुपर्ने देखिन्छ । | |
| १९. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था छ । यस गाँउपालिका अन्तरगत यस वर्ष दर्ता भएका ६ सहित विभिन्न २७३ बटा व्यवसीक फर्म दर्ता भई सञ्चालनमा रहेकोमा यस वर्ष १५ वटा व्यवसायीक फर्महरु नविकरण भएका छन् । गाँउपालिका भित्र व्यवसाय सञ्चालन भएका फर्महरुको दर्ता गर्ने तथा नवीकरण गरी र सोको अभिलेख राखि कर को दायरामा ल्याउन आवश्यक निर्णय हुनु पर्दछ । | |
| २०. | **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७ ख मा काठमाडौं उपत्यका बाहिरको कार्यालयको निजामती सेवाका कर्मचारीको तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था भएकोमा र कार्यालयले रु ३६,६६,८१०.०० तलब भत्तामा भुक्तानी गरेकोमा तलबी प्रतिवेदन पारित भएको पाईएन । आन्तरिक नियन्त्रणका लागि कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी हुनु पर्दछ । | |
| २१. | **आन्तरिक आयको लेखा :** विभिन्न क्षेत्रबाट प्राप्त भएका आयलाई आम्दानीका शिर्षकहरुमा बर्गिकरण गरी लेखा राख्नु पर्नेमा वडाप्राप्त भएको आधारमा लेखा राखिएकोले जम्मा आय रु २१,०८,५९०।५४ मध्ये कुन क्षेत्रबाट कति रकम प्राप्त भयो खुल्ने अवस्था भएन । आयका शिर्षक अनुसार लेखा नराख्दा राजस्व व्यवस्थापनमा असर पर्ने ,आर्थिक विवरणले सहि चित्रण नगर्ने र लेखाको सर्वमान्य सिद्धान्त विपरित हुने भएकोले आम्दानीका क्षेत्र तथा प्रकृति अनुसार आयका शिर्षक कायम गरी लेखा राख्नु पर्दछ । | |
| २१.१. | कार्यालले रसिद नियन्त्रण खाता तयार गरी विभन्न वडा कार्यालयहरुमा रसिद पठाएको छ । सो रसिदहरु मध्ये के कति प्याड प्रयोग भयो र कति बाँकी छन् त्यसको विवरण त्यार गरेको छैन । वडा कार्यालयहरुबाट रु १३५५२०९।२६ आम्दानी देखाएकोमा कुन कुन शिर्षकको रकम कुन महिनामा प्राप्त भएको हो सो खुल्ने गरी राजश्वको दैनिक आम्दानी किताब,मासिक प्रगति विवरण तयार गरेको छैन । गाँउपालिकालाई प्राप्त हुनुपर्ने भूमिकर,घर जग्गाबहाल कर, वहाल विटौरी शुल्कको लगत तयार समेत पारेको छैन । तोकिए बमोजिमको ढाँचामा आयको लेखा राख्नु पर्दछ । | |
| २२. | **पदाधिकारी सेवा सुविधा :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा का सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ बैशाख १९ गते मात्र पारित भएकोमा गाँउपालिकाले पदाधिकारीलाई सपथ ग्रहण गरेको मिति देखि लागु हुने गरी रु ४९३९५६६.० भुक्तानी दिएको देखियो । ऐन पारित हुनु भन्दा अघिको अवधिको सुविधा भुक्तानी दिन मिल्ने नदेखिएको रु........ | |
| २३. | **इन्धन खर्चको मापदण्ड तयार नभएको :-** नेपाल सरकार(मन्त्रीपरिषद) बाट मिति २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्यीता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै मन्त्रालय वा विभागले सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धन खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र बुदा नं. ७८ मा मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने व्यवस्था छ । कार्यालयमा ११ बटा मोटरसाइकल १ ट्रयाक्टर १ गाडी रहेको र इन्धनमा रु ६६८४१६।०० खर्च भएकोमा सोको प्रयोगकर्ता र साधनको इन्धन खपतको मापदण्ड तयार गरेको पाइएन । इन्धन खर्चको मापदण्ड तयार गरी पदाधिकारी, कर्मचारीको लागि भएको इन्धन खर्चको छुट्टा छुट्टै अभिलेख राख्नु पर्दछ । | |
| २४. | **खर्चका रकमहरुको बर्गिकरण :** सरकारी निकायमा हुने खर्चलाई कामको प्रकृति अनुसार खर्च गर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | प्रचिलित विश्वव्यापी सिद्धान्त अनुसार नेपाल सरकारले चालु तथा पूँजिगत तर्फ हुने खर्चलाई खर्च शिर्षकका वर्गिकरण गर्ने गरेको छ । गाँउपालिकाले नेपाल सरकार बाट प्राप्त समानिकरण अनुदान तथा आन्तरिक आय तर्फको रकमलाई चालु तथा पूँजिगतमा वर्गिकरण गरेकोमा चालु तर्फ छुट्याएको रकम लाई तलब, भत्ता, कार्यालय संचालन लगायतमा बर्गिकरण गरेकोमा पूँजिगत तर्फको रकमलाई खर्च शिर्षकमा बर्गिकरण गरेको पाईएन । पूँजिगत तर्फ खर्चको प्रकृतिको आधारमा लेखा नराखी योजनागत रुपमा लेखा राखेकोले खर्चको प्रकृति अनुसार भवन निर्माण, सार्वजिनक निर्माण तथा पूँजिगत सूधार, सवारी साधन, मेसनरी उपकरण लगायतमा भएको खर्च खुल्ने अवस्था छैन । पूँजिगत तर्फको रकमको समेत खर्चका शिर्षकहरुको बर्गिकरण र व्याख्या अुनसार खर्च गरी लेखा राख्नु पर्दछ । | |
| २५. | **सेवा प्रवाह :** गाँउपालिकाले नागरिकता, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म,मृत्यू को प्रमाणपत्र दिने लगायतका सेवा प्रदान प्रदान गर्ने गरेकोमा आर्थिक बर्षमा सम्पन्न भएका उल्लेखित कार्यको अभिलेख राखी प्रतिवेदन गर्ने गरेको पाईएन । कार्यालयबाट सम्पादन हुने सेवाको अभिलेख राखी प्रतिवेदन गर्नु पर्दछ । | |
| २६. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । श्रोत साधन हिना मिना हुन नदिन तथा मितव्ययि तथा प्रभावकारी रुपमा परिचालन गर्न ऐनमा व्यवस्था भए बमोजिम आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी लागु गर्नु पर्दछ । | |
| २७. | प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रण संग सम्बन्धित निम्न व्यवस्था समेत कार्यान्वयन भएको पाईएन ।<br>• सवारी साधनको मर्मत अभिलेख नराखेको । सवारी साधन मर्मत गर्दा पुराना पार्टपुर्जा, टायर आदि फिर्ता गरी अभिलेख नराखिएको ।<br>• आर्थिक कायविधि नियमावली २०६४ को नियम ३६ बमोजिम विलभर्पाईमा कार्यालयप्रमुखले प्रमाणित गरी "भुक्तानी भएको" जनाउने छाप लगाउनु पर्नेमा सो नभएको ।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम जिन्सी खाता प्रमाणित नभएको ,स्वास्थ्य तर्फका औषधीको मूल्य समेत उल्लेख गरी जिन्सी आम्दानी बाँधी खर्च जनाउनु पर्नेमा सो अनुसार नगरिएको ।<br>• भ्रमण खर्च नियमावली २०६४ बमोजिम कर्मचारी तथा पदाधिकारीको भ्रमण अभिलेख नराखिएको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख बमोजिम नापी किताबमा नापी गरेको मिति, ठेक्का विलमा विल तयार गरेको मिति उल्लेख नगरेको ।<br>• सडकको निर्माण कार्य गर्दा चेनेज खुलाउने नगरेको ।<br>• बिषयगत शाखाबाट संपादन भएका कार्यहरु वडाबाट सिफारिस नभएको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार नगरेको । | |
| २८. | **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० वमोजिम कार्यालयमा कुनै प्रकारवाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यलय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीवाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । साथै गाउँपालिकामा प्राप्त सामानहरु वडा कार्यालयहरुमा हस्तान्तरण फाराम भरी पठाए पछि जिन्सी खातामा खर्च जनाएको देखियो । यसरी जिन्सी खातावाट कम्प्यूटर, ल्यापटप जस्ता सामान निजी प्रयोगमा आउने सामानको जिन्सी खातावाट खर्च जनाए पछि फिर्ता नहुन सक्ने सम्भावना रहेकोले वडाहरुमा सामान पठाउदा मुल खाताबाट नघटाई अभिलेख राख्नु पर्दछ । साथै जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २९. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने कार्यविधि उल्लेख छ । सो नियममा भएका देहायका व्यवस्था गाउँपालिकाले पालना गरेको पाइन ।<br>• नियम ९७ (१२) निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | • नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने,<br>• नियम ९७(७) उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने,<br>• नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नसकिने,<br>• उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने,<br>उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यलाई व्यवस्थित तथा पारिदर्शी बनाउन नियमावलीमा भएका उल्लेखित प्रावधान लागु हुनु पर्दछ । | |
| ३०. | **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ वमोजिम सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद अवश्यकताको पहिचान माग संकलन गर्ने, खरिद सम्वन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता एकीन गर्न वजारमा प्रचलित खरिद संझौताको जानकारी लिने, अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने, खरिदको विवरण तयार, परिमाण र क्षेत्र एकीन गर्ने, खरिदलाई वढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्न लगाउने, खरिद योजना तयार गर्ने, खरिदको लागत अनुमान तयार गर्ने , खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने, खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : | |
| ३०.१. | **विना प्रतिस्पर्धा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । गाँउपालिको यस बर्ष कार्यालय संचालन, मसलन्द,फर्निचर, मेसनरी औजार, लगायतका सामान खरिद गरेकोमा सिलबन्दी दरभाउपत्र तथा बोलपत्रबाट खरिद नगरी सोझै खरिद गरेको छ । विना लागत अनुमान सोझै समान खरिद गर्दा बजार मूल्यभन्दा बढीमा खरिद भएको छैन भन्न सक्ने अवस्था भएन । प्राप्त विवरण तथा नमुना छनौटमा परेका भौचर अनुसार सोझै खरिद गरेका केही उदाहरण देहाय बमोजिम छन् । | |
| | (तालिका तल) <br>सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा,स्वच्छता,जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययीता कायम गर्न वस्तु वा सेवा प्रदान गर्न लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट खरिद कार्य गर्नु पर्दछ । | |
| ३०.२. | कार्यालयको दैनिक प्रशासन संचालनको लागि मसलन्द, छपाई, विविध प्रकारका सामाग्री खरिद मेशिनरी औजार,फर्निचर, किसानको लागि मल तथा विउ खरिद, बाखा पाठा लगायतका पशु वितरण विभिन्न कार्याक्रममा ठुलो परिमाणमा बजेट विनियोजन भएको भए पनि सोको खरिदको लागि माग संकलन, लागत अनुमान तयारी, सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समुहको रकमको परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन । कार्यालयमा प्रयोग हुने कतिपय सामान स्टोरबाट खरिद गरेको भए पनि धेरै सामान वडा तथा विषयगत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्की बाट खरिद गरेको देखियो । त्यस्तै शिक्षा, कृषि, पशु, सामाजिक | |

| सामानको नाम | टुक्रा संख्या | खर्च रकम |
|---|---|---|
| कम्प्युटर, ल्यापटप,प्रिन्टर, | ९ | १५०५०८८.०० |
| फर्निचर तथा फिक्चर्स | ३ | १९१४७५१.०० |
| **जम्मा :** | | **३४,१९,८३९.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | विकासको लागि छुटयाईएको अधिकांश बजेट सम्बन्धित शाखाका कर्मचारीले सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना नगरी पेश्कीबाट खर्च गरेको पाइयो ।<br>कर्मचारी पदाधिकारीले आफुलाई आवश्यक सामान आफै खरिद गर्ने, विषयगत कुनै क्षेत्र विशेषको लागि छुटयाईएको बजेट विषयगत शाखाका कर्मचारीले खरीद गरी खर्च वा वितरण गर्ने गरेको देखिएकोले समग्र खरिद प्रणाली कार्यालयको व्यवस्थापनको नियन्त्रण भन्दा बाहिर रहेको देखियो । सामान प्रयोग गर्ने वा सेवा ग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफै कार्यक्रम तयार गर्ने आफै पेश्की लिने वा माल सामान खरिद गरी सोध भर्ना लिदा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त भएको हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार माग संकलन गर्ने, सामानको प्रकृतिको आधारमा समुह विभाजन गरी रकमको परीमाण अनुसार सोभ्कै, दरभाउपत्र, सिलबन्दी दरभाउपत्र, बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने, बिक्रेतालाई सोभ्कै भुक्तानी गर्ने, लगायतका प्रकिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ३०.३. | **मालसामान,निर्माण कार्य र सेवाको विवरण तयार गर्नुपर्ने :** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४(१) वमोजिम सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन,विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने छ । गाउँपालिकाले यस वर्ष रु.५०,०००।०० देखि रु.७०,००,०००।०० सम्मका विभिन्न विभिन्न निर्माण कार्य गरेकोमा निर्माण कार्यको लागि कुनै नक्सा,डिजाइन,आवश्यकताको विश्लेषण गरी लगत अनुमान तयार भएको छैन । गाउँपालिकावाट स्वीकृत वजेटलाई नै लागत अनुमान मानी जिल्ला दर रेटमा उल्लेख भएको दर विश्लेषणलाई आधारको रुपमा वाटोको ट्याक खोल्ने कार्य गरेका देखियो । वाटो खन्ने कार्य जस्तो जटिल विषयलाई कुनै नक्सा, डिजाइन वेगर निर्माण कार्य गर्दा योजनाको दिगोपना र गुणस्तरमा समेत असर पर्ने देखिन्छ । योजना कार्यान्वयन गर्दा आवश्यकताको पहिचान,नक्सा डिजाइन,आदि तयार गरी दीगो विकास हुने र वातावरणलाई कम क्षति पुग्ने किसिम बाट कार्यान्वयन हुनु पर्दछ । | |
| ३०.४. | **निर्माण कार्यको लागत अनुमान :** सार्वजनिक खरिद नियमावली,२०६४ को सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, इँटा, ढुंगा, माटो र यस्तै अन्य निर्माण सामाग्री दरभाउ,मेसिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट समितिले तोकेको दरको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा निम्नानुसार व्यहोरा देखियो । | |
| ३०.५. | गाँउपालिकाले सडक निर्माणको लागि लागत अनुमान तयार गर्दा जिल्लादर रेट समितिले निर्धारण गरेको दरलाई आधारमानी लागत अनुमान तयार गरेको देखियो । जिल्ला दररेट समितिले सल्यान जिल्लाका लागि आर्थिक वर्ष २०७४।०७५ का लागि तयार गरेको जिल्ला दररेट समितिको स्वीकृत सडक निर्माण सम्वन्धी निर्माण सामाग्रीको दररेट निर्धारण गर्ने रेटको वुँदा नं. ६ मा मेसिन प्रयोग गरी सडक खन्ने काम मोविलाईजेशन, डिमोविलाईजेशन, इन्धन र अपरेटर समेतको दररेटमा मूल्य अभिवृद्धि कर समेत जोडी माटो काट्ने कामको लागत अनुमान तयार गरेको पाइयो । यसरी लागत अनुमान तयार गर्दा कुल परिमाणलाई माटो तथा चट्टानको किसिमको अनुपातमा दर विश्लेषण गरी लागत अनुमान तयार भएको देखिन्छ । गाउँपालिकाले अधिकांश सडक योजनाको सर्भे डिजाइन तयार नगरी गाउँ सभाले विनियोजन गरेको वजेटलाई नै कुल लागत अनुमान मानी खर्च गरेको पाइयो । यसरी सुरुमा विनियोजन भएको आधारमा संभ्कौता गर्ने र सोही आधारमा कार्य सम्पन्न गर्नाले लागत अनुमान वास्तविक छ भन्ने आधार देखिएन । जसको कारण उपभोक्ताहरुद्धारा पेश भएका एक्साभेटर र डोजरको विलमा लागत अनुमानको दररेट भन्दा फरक दर उल्लेख गरी विल तयार गरेको देखिन्छ । जसका उदाहरण देहायबमोजिम छन् । | |
| ३०.६. | भौ.नं.२११।२०७५।३।१९ खाली वजार देखि दहवन मोटर वाटो स्तरोन्नतीको लागि गाउँपालिकाले उपभोक्तासँग रु.५८,००,०००।०० (उपभोक्ताको योगदान समेत) संभ्कौता गरी भुक्तानी दिएकोमा उपभोक्ता समितिले पेश गरेको विलमा ५४.६५ घण्टा प्रति घण्टा रु.७५००।०० दरले भुक्तानी दिएको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | देखिएकोले जिल्लादर रेट भन्दा वढी रु.१२३५०९।०० (भ्याट सहित) र प्रति घण्टा रु.५५००।०० दर हुनु पर्नेमा ४४१.६६ घण्टाको रु.६०००।०० ले भुक्तानी भएकोले रु.२४९५३८।०० वढी भुक्तानी भएको छ । त्यस्तै व्याकु लोडर जिल्ला दर रेट रु.२०००।०० भएकोमा रु.२२००।०० का दरले विल पेश भएको छ । | |
| ३०.७. | कपुरबोट वजार कपुरकोट घनवाङ्ग गाँडापानी हुदै फलावाङ्ग मोटर वाटो निर्माण कार्यको लागि गाउँपालिकाले उपभोक्तासँग रु. ५७७०९२०।०० (उपभोक्ताको योगदान समेत) संझौता गरी भुक्तानी दिएकोमा उपभोक्ता समितिले पेश गरेको विलमा २९२.४ घण्टा प्रति घण्टा रु.६०००।०० दरले भुक्तानी दिएकोले रु.१६५२०६।०० वढी भुक्तानी दिएको छ । | |
| ३०.८. | भौ.नं.१२५।०७५।३।२<br>कोइला डिवाङ काउले खोला मोटर वाटो निर्माण कार्यको रु. २००००००।०० कार्यालयले व्यहोर्ने रकम संझौता गरी भुक्तानी दिएकोमा उपभोक्ता समितिले पेश गरेको उपभोक्ता विलमा १५५ घण्टा प्रति घण्टा रु.६०००।०० दरले भुक्तानी दिएको देखिएकोले रु.८७,५७५।०० (भ्याट सहित) वढीको विल पेश भएको छ ।<br>लागत अनुमान तयार गर्दा फिल्ड सर्भे गरी नरम माटो, मिश्रित माटो,नरम चट्टान, कडा चट्टान को बास्तविक मात्रा यकिन गरी तयार गर्ने र उपभोक्ता संग विल प्राप्त गर्दा लागत अनुमानमा उल्लेख भएको परिमाण र दर अनुसारको निर्माण समाग्री मेसनरी औजार र ज्यालाको रकमको मात्र विल प्राप्त गर्नु पर्दछ । | |
| ३०.९. | भौ.नं.४९।२०७४।१०।१०<br>**कामको परिमाण नखुलाई वील भुक्तानी** : कपुरकोट दामाकोट झुलनेटा सिमलकुना नयाँ वाटोको निर्माणको लागि उपभोक्ता समितिले व्यहोर्ने वाहेक रु.२९,००,०००।०० संझौता गरी कार्य सम्पन्न समेत भएको देखिएको छ । उक्त वाटो निर्माण कार्यमा जम्मा ७५९० घन मीटर वाटो खन्ने कार्य गरेको देखाई एस.निर्माण सेवाको एक्साभेटर प्रयोग गरेको भनी रु.२६,१०,३००।०० को वील राखी भुक्तानी भएकोमा कुन दरमा एक्साभेटर प्रयोग भएको हो खुल्ले प्रमाण पेश भएन । | |
| ३१. | **कार्यालय भवन निर्माण :** गाउँपालिकाको कार्यालय भवन निर्माणको लागि रु.५९७४१८०८।०० लागत अनुमान तयार गरी सुचना प्रकाशन भएकोमा ८ वटा वोलपत्र ई विण्डिङ्ग वाट दर्ता भएको देखियो । दर्ता भएका मध्ये प्राविधिक र आर्थिक मूल्यांकनमा २ वटा मात्र निर्माण व्यवसायी छनौट भएकोमा एम.एस रोयल कन्स्ट्रक्सन धनगढी कैलालीसँग २०७५ जेष्ठ २३ मा रु.४,१७,५५,३८४।५९ (१८.०६ प्रतिशत घटी ) संझौता भएको देखिन्छ । यस वर्ष रु.६६,१६,०००।०० पेश्की भुक्तानी भएको छ । | |
| ३२. | **वीमा गरेको प्रमाण पेश नभएको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ (घ) वमोजिम निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा वीमा गराउनु पर्ने व्यवस्था छ । गाउपालिकाले निर्माण स्थल सुम्पिए सके पछि BOQ मा वीमा वापत रु २२५,०००.०० राखेको र SCC मा समेत विमागर्ने व्यवस्था भए पनि वीमा गराएको देखिएन । संझौतामा उल्लेख भए अनुसार अविलम्व वीमा गराउनु पर्ने देखिन्छ । | |
| ३३. | **चेनेज नखुलाई नापजाँच :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ नियम १(ख) प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधार नापी किताव जनाउनु पर्नेछ,त्यस्तै नियम १(ग) खरिद संझौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकी कुन स्थानमा कस्तो काम भएको हो स्पष्ट पारी कति परिमाणमा कार्य भएको वास्तविक कामको आधारमा विजक तयार गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले विभिन्न स्थानमा उपभोक्ता समितिवाट वाटोको माटो पन्छाउने कामका लागि डोजर प्रयोग गरी वाटो मर्मत गरेकोमा विभिन्न वाटोको कुन,कुन स्थानमा कार्य भएको हो खुल्ने सूचक(चेनेज) नखुलाई कार्य गरेको देखिएकोले उक्त कार्य वास्तविक रहेकोमा एकीन हुने आवस्था देखिएन । | |

| योजनाको नाम | कामको विवरण | कामको परिमाण घ.मी. | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>विभिन्न योजनामा पहिरो पन्छाउने काम</td><td>परीमाणमा नखुलेको नापी किताव तयार नगरी भुक्तानी</td><td>०</td><td>८,७१,८६०.००</td><td>भौ.नं.२७०७ ४।९।३</td></tr>
</table>
माथि उल्लेखित वाटो मर्मत कार्यको लागि रु.८,७१,८६०।०० खर्च भएको देखिन्छ । यसरी नापीमा चेनेज नखुलाई भुक्तानी हुँदा दोहोरो भुक्तानी हुन सक्ने देखिन्छ । तसर्थ नापी किताव तयार गर्दा चेनेज सहित नापी किताब तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>सवारी साधन खरिद - सरकारी निकायले सवारी साधन तथ भारी मेसनरी औजार खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था भएकोमा अर्थ मन्त्रालयको स्वीकृति वेगर समानिकरणको बजेटबाट ४ वटा मोटरसाइकल र १ ट्याक्टर खरिद गरेको छ । अर्थ मन्त्रालयको स्वीकृत वेगर भारी मेशिनरी औजार तथा सवारी साधान खरिद गरी रु.३०,५२,६३४।०० भुक्तानी दिएको नियमित रु......</td><td>३०५२६३४.०</td></tr>
<tr><td>३५.</td><td>गाडी भाडा : सार्वजनिक खरिद नियमावली, २०६४ नियम १३(२) वमोजिम भाडामा दिइने सवारी साधन,मेशिनरी औजार,उपकरण भाडाको लागत अनुमान तयार गर्न सम्वन्धित निकायका प्रमुखले त्यस्ता सवारी साधन,मेशिनरी औजार,उपकरण सम्वन्धी ज्ञान भएका बढीमा ३ जना दक्ष प्राविधिकहरुको एक समिति गठन गर्नुपर्ने उल्लेख छ, त्यस्तै उपनियम ३ मा भाडाको मोटामोटी लागत अनुमान तयार गर्दा भाडामा लिनु पर्ने साधानको विवरण,स्पेसिफिकेशन,अवस्था र आयु, प्रचलित वजार दर, भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषय समावेश भएको हुनुपर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८५(१क) वमोजिम ५ लाखसम्मको मात्र सेवा खरिद गर्न सकिने व्यवस्था छ । गाँउपालिकाको निर्णयानुसार गाडी धनी जुवेर अहमदसंग मिति २०७४।१०।८ देखि २०७५।३।३१ सम्मको लागि प्रति महिना रु. ८८०००।०० (इन्धन बाहेक) का दरले संम्झौता गरी ६ महिनाको रु.५,२८,०००।०० भुक्तानी दिएकोमा लागत अनुमान तयार नगर्नुका साथै सोझै खरिद भएको अनियमित देखिएको रु.</td><td>५२८०००.०</td></tr>
<tr><td>३६.</td><td>भौ.नं.२८८/ २०७५।३।३२<br>आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ नियम ८ वमोजिम कुनै रकम भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । वडा सचिव श्री गुरु प्रसाद योगीले लिएको पेश्की रु.५,१०,०००।०० लिदा फछ्र्यौट गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन :</td><td></td></tr>
<tr><td>३६.१.</td><td>अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७३ अनुसार गाँउ स्तरीय तालिममा कक्षा सञ्चालन गर्दा प्रशिक्षण वापत भत्ता ६०० र कार्यपत्र वापत ७०० प्रति कार्यपत्र पाउने व्यवस्था छ । कार्यालयको प्रशिक्षक भएको खण्डमा प्रशिक्षण वापत भत्ता नपाउने तर कार्यपत्र बापत रु ७०० मात्र पाउने व्यवस्था छ । यस कार्यालयले सञ्चालन गरेको दलित महिला सीप मूलक तालिमको लागि निम्नानुसार निर्देशिकामा तोमिएको भन्दा वढी दरमा भुक्तानी गरेको असुल गर्नुपर्ने देखिएको रु.</td><td>२१,०००.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>प्रशिक्षकको नाम</th><th>दिन</th><th>दर</th><th>कक्षा संख्या</th><th>भूक्तानी भएको</th><th>वढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>कमला सुवेदी</td><td>१०</td><td>२०००</td><td>१</td><td>२००००.००</td><td>७०००.००</td><td>प्रशिक्षक</td></tr>
<tr><td>प्रमिला आचार्य</td><td>१०</td><td>२०००</td><td>१</td><td>२००००.००</td><td>७०००.००</td><td>सह प्रशिक्षक</td></tr>
<tr><td>लक्ष्मी चन्द</td><td>१०</td><td>२०००</td><td>१</td><td>२००००.००</td><td>७०००.००</td><td>सह प्रशिक्षक</td></tr>
<tr><td>जम्मा :</td><td></td><td></td><td></td><td></td><td>२१,०००.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.२.</td><td>जिल्ला दर रेट भन्दा वढीमा विरुवा खरिद : जटिवुटी तथा उन्नत घाँस खरिद तथा वितरण गर्नको लागि चाँपागाई नर्सरीवाट १३३० कागतिका विरुवा रु.४५।०० दरले खरिद गरेको देखियो । सल्यान जिल्लाको दररेट समितिले २०७४।०७५ मा निर्धारण गरेको कागतिका साधारण विरुवाको जिल्ला दररेट रु.२०।०० मात्र भएकोमा रु २५ का दरले खरिद गरी भुक्तानी दिएकोले वढि भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>३३,२५०.०</td></tr>
<tr><td>३७.</td><td>वाखाका पाठा वितरण : मनकामना वाखा फर्मलाई रु.६५,५००।०० भुक्तानी दिएकोमा वाखाका पाठाको संख्या, दर खरिद भएका वाखका पाठाको तौल तथा स्वास्थ्य स्थिति खुल्ने कागजात तथा विवरण संलग्न नभएकोले खर्चको वास्तविकता एकिन हुन सकेन ।खरिद गरेका वाखाको परिमाण, दर ,तौल वितरण भरपाई आदी खर्च प्रमाणित गर्ने कागजात पेश हुनुपर्ने रु.</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | | ६५,५००.० |
| ३८. | **कार्यक्रम अनुसार लागत सहभागीता नभएको :** वार्षिक कार्यक्रम अनुसार ५०/५० प्रतिशत लागत सहभागीतामा वाखाका पाठा वितरण गर्ने कार्यक्रम रहेकोमा पाठा खरिद भएको विलमा कति वटा कुन दरमा खरिद भएको साथै सेवाग्रहीले कति रकम व्यहारेको हो सो को प्रमाण पेश नभएकोले लागत सहभागीता देखिने प्रमाण पेश हुनु पर्ने रु. | १,०१,०००. |
| ३९. | **पेश्की फछ्र्यौट :** वडा सचिव श्री शुसिल वोहराले लिएको पेश्की रु.८२०,०००।०० फछ्र्यौट गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ३९.१. | भौ.नं.२८४।०७५।३।३२<br>वुटवल अटोमोवाइल रुपन्देहीवाट खरिद भएका रु.७,००,०००।०० मूल्यका ७ वटा मिनि टिलर (कृषकको ५० प्रतिशत सहभागीता) गाउँपालिकाको जिन्सी खातामा आम्दानी नजनाई सोझै कृषकहरुलाई वितरण गरेको देखियो । पेश्की लिने र सम्वन्धित फर्मलाई सोझै विल भुक्तानी नदिनाले कारोवार मितव्ययी भएको भन्न सकिने आधार पेश भएन । खरिद भएका मालसामान कार्यालयको जिन्सीखातामा अम्दानी वाँधी कृषकलाई उपलव्ध गराएको अभिलेख व्यवस्थित राखी अनुगमन गर्नुपर्ने र पेश्की दिने कार्यमा नियन्त्रण गरी सम्वन्धित फर्मलाई भुक्तानी दिने व्यवस्था हुनुपर्दछ । | |
| ४०. | **भौ.नं.२९६/ २०७५।३।३२**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ नियम ८ वमोजिम कुनै रकम भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्नेछ । वडा सचिव श्री ज्ञान वहादुर पुनले लिएको पेश्की रु.८,८०,०००।०० फछ्र्यौट गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ४०.१. | **जिल्ला दर रेट भन्दा वढीमा विरुवा खरिद :** कृषकलाई वितरण गर्नको लागि न्यू ओली वहु उद्देश्य कृषि फर्म वागचौरवाट ४६०० सुन्तला र ४४००।०० कागतिका विरुवा प्रति विरुवा रु.२५।०० दरले खरिद गरेको देखियो । सल्यान जिल्लाको दररेट समितिले २०७४।०७५ का लागि निर्धारण गरेको कागति र सुन्तलाका विरुवाको जिल्ला दररेट प्रति विरुवा रु.२०।०० मात्र भएकोले पेश्की फछ्र्यौट गर्दा रु.५।०० वढी दररेट राखी पेश्की फछ्र्यौट गरेको देखिएकोले वढी भुक्तानी दिएको रकम रु.४५,०००।०० असुल गर्नुपर्ने रु. | ४५०००.० |
| ४०.२. | वार्षिक कार्यक्रम अनुसार कृषकलाई वितरण गर्नको लागि ५ वटा वोयर वोका जयतपुर एग्रो प्रा.लि. चितवनवाट प्रति किलो रु.२५००।०० का दरले १२८ किलो वरावर रु.३२०,०००।०० मा खरिद गरी भुक्तानी भएको पाइयो । सल्यान जिल्लाको दररेट समितिले २०७४।०७५ का लागि प्रजनन् योग्य वोका ( २० देखि २५) केजि) प्रति केजी रु ६०० को दरले दर निर्धारण गरेको छ । जिल्ला दर भन्दा प्रति के.जी. रु. १९००।०० वढीमा खरिद भएको प्रष्ट हुने आधार पेश भएन । जिल्ला दररेट भन्दा वढीमा खरिद हुनु पर्ने आधार, आधिकारीक निकायवाट खरिद भएका वोकाको हेल्थ सर्टिफिकेट, तौल र दरका सम्वन्धमा प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु. | २४३२००.० |
| ४१. | **स्वास्थ्य तर्फ :** | |
| ४१.१. | **१४।२०७४।१२।१९** अ.हे.ब सहायक पाँचौ देवेन्द्र कुमार सेन २०७१।६।२२ को निर्णय अनुसार २०७१।४।१ देखि जेष्ठता कायम हुनेगरी अ.हे.ब सहायक चौथो बाट वढुवा भएकोमा २०७१ देखि २०७३ सम्मको श्रवण देखि असोज महिना सम्मको छुट ग्रेड भनी रु ५०५२।०० भुक्तानी गरेको पाइयो । ग्रेड भुक्तानी गर्दा जेष्ठता कायम भएको मिति देखि नभई नियुत्ती मितिबाट मात्र ग्रेड र तलब भत्ता भुक्तानी हुने हुनाले छुट ग्रेड रकम भुक्तानी गरेको असुल गर्नुपर्ने देखिएको रु | ५०५२.०० |
| ४१.२. | क्षयरोग नियन्त्रण कार्यक्रम : भौ.न २ मिति २०७५।१।१९ स्वीकृत वार्षिक कार्यक्रममा दराज खरिद गर्ने भनिएकोमा कार्यक्रम संशोधन भई प्रथम चौमासिकमा अटोमेटेड प्रयोगशाला मेशिन खरिद गर्ने गरी रु ६८०००.०० बजेट प्राप्त भएकोमा कार्यालयले तेश्रो चौमासिकमा रु ५६५००।०० को दराज नै खरिद गरेकोले कार्यक्रम विपरित खर्च गरेको अनियमित देखिएको रु | ५६५००.०० |
| ४१.३. | स्वास्थ्य संस्थाहरुले ३५ प्रकारका औषधिहरु नि:शुल्क वितरणको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस गाँउपलिकाले विभिन्न शिर्षकबाट औषधि खरिद गरेकोमा सम्वन्धित स्वस्थ्य संस्थाको माग र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | आवश्यकक्तालाई पहिचान गरेको देखिएन । | |
| ४१.४. | भौ.न १ मिति २०७४।११।२ मा यूनिक मेडिशिन डिष्ट्रिव्यूटर्स बाट रु २६००००।०० र भौ.न ६ मिति २०७५।३।३१ मा रु ५०००००।०० को औषधि खरिद गरी गाँउपालिका मातहतका स्वास्थ्य चौकिहरुमा वितरण गर्दा औषधिको म्याद अवधि एकिन गरेको देखिएन । | |
| ४२. | **१०।०७४।११।२** गाँउपालिकाले विभिन्न वर्थिङ्ग सेन्टरका लागि आवश्यक न्यनोझोला खरिदका लागि कोटेशन माग गरेकोमा न्यून दरमा कोटेशन पेश गर्ने सञ्जाल गार्मेन्टसंग न्यानो झोला खरिद गरेको छ । निजले प्रति न्यानो झोला झ्याट सहित रु ८५०.०० को कोटेशन पेश गरेकोमा कार्यालयले निजसंग १५१ वटा न्यानोझोला खरिद गर्दा प्रति झोला ८९०.०० को दरले विल पेश भई सोहि बमोजिमको भुक्तानि गरेकोले कोटेशन भन्दा प्रति झोला रु ४०.०० का दरले वढि भुक्तानी भएको रु ६०४०।०० असुल गर्नु पर्ने देखिएको रु | ६०४०.०० |
| ४३. | **शिक्षा तर्फ :** शिक्षकको तलब निकासा गर्दा विद्यालयको तलबी माग फारम गाँउपालिकाबाट प्रमाणित गरी व्यवस्थित रुपमा राखि सोहि बमोजिमको निकासा दिनुपर्नेमा विद्यालयका शिक्षकको तलब निकासा फारम गाँउपालिकाबाट प्रमाणित भएको देखिएन । | |
| ४३.१. | शिक्षक किताबखानाबाट पारित तलवि प्रतिवेदन अनुसार प्रत्येक शिक्षकको ग्रेड वैशाख देखि थप हुने देखिन्छ । यस गाँउपालिका अन्तरगतका विभिन्न तहका निम्नानुसारको शिक्षकको थप ग्रेड तेश्रो चौमासिकको ३ महिनाकोमात्र दिनुपर्नेमा तेश्रो चौमासिकका ४ महिनाकोनै ग्रेड सहितको तलब निकासा भएको देखिएकोले विभिन्न विद्यालयमा कार्यरत शिक्षकको नाममा वढि निकासा गएको निम्नानुसारको रकम असुल गर्नुपर्ने देखिएको रु | ५२८८१.४० |

| पद | संख्या | ग्रेड दर | वढि ग्रेड | वढि क.सं कोष | जम्मा वढि निकासा |
|---|---|---|---|---|---|
| प्रा.वि प्रथम | ४ | १०१७ | ४०६८.०० | ४०६.८० | ४४७४.८० |
| प्रा.वि द्धितिय | २९ | ७८३ | २२७०७.०० | २२७०.७० | २४९७७.७० |
| प्रा.वि तृतिय | ५ | ७३९ | ३६९५.०० | ३६९.५० | ४०६४.५० |
| नि.मा.वि द्धितिय | २ | १०१७ | २०३४.०० | २०३.४० | २२३७.४० |
| नि.मा.वि तृतिय | ३ | ७८३ | २३४९.०० | २३४.९० | २५८३.९० |
| मा.वि तृतिय | ६ | १०१७ | ६१०२.०० | ६१०.२० | ६७१२.२० |
| मा.वि द्धितिय | १ | १०१७ | १०१७.०० | १०१.७० | १११८.७० |
| मा.वि तृतिय | ६ | १०१७ | ६१०२.०० | ६१०.२० | ६७१२.२० |
| जम्मा : | | | | | ५२८८१.४० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४३.२. | ७।०७५।३।२१ शिक्षा विकास तथा समन्वय इकाइको च.न १४७८ संख्या ०७४।७५ मिति २०७५।३।१३ मा श्री प्रा.वि क्यूरेनीका शिक्षक प्रा.वि द्धितिय डिल वहादुर थापाको २०७५ वैशाखबाट ३ ग्रेड हुने पत्र स्पष्ट पार्दै कपुरकोट गाँउपालिकालाई पत्र पठाएको छ । निज शिक्षक हालको पदमा ०७३।६।१७ मा वढुवा भएको र तलवी प्रतिवेदनमा २०७५ वैशाखबाट १ ग्रेड रु ७३९.०० प्राप्त हुने गरी तलवि प्रतिवेदन पास भएको छ । तलवि प्रतिवेदन भन्दा वढि ग्रेड रहेको शिक्षा विकास तथा समन्वय इकाइको पत्रको आधारमा श्रावण देखि चैत्र सम्मको २ ग्रेड हुनुपर्ने भनि १ ग्रेड प्राप्त भएको भनि छुट १ ग्रेड को ९ महिनाको रकम र वैशाख देखि असार सम्म ३ ग्रेड हुनु पर्नेमा २ ग्रेड भएको भनि ३ महिनाको समेत जम्मा १२ महिनाको रु ७८३ को दरले क.सं कोष थप र चाडपर्वखर्च समेतको रु ११९९६।०० भुक्तानी दिएकोमा तलवि प्रतिवेदनमा निज शिक्षकको २०७५ वैशाख वाट ग्रेड शुरु हुने देखिएकोले छुट देखाई चैत्र सम्मको नपाउने ग्रेड २ ले चाडपर्व र क.सं कोष थप सहित हुने रु १७२२६।०० र वैशाख देखि असार सम्मको १ ग्रेड हुनु पर्नेमा ३ ग्रेड हुने भनि भुक्तानी दिएकोले वढि २ ग्रेडको रु ५१७८।८० सहित हुने रु २२३९३।८० श्री प्रा.वि क्यूरेनीलाई वढी निकासा दिएको असुल गर्नुपर्ने देखिएको रु | १८७९२.०० |
| ४३.३. | भौ.न ४।२०७४।१२।१४ गाँउपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरुलाई पाठ्यपुस्तक उपलव्ध गराँउदा fash Report को आधारमा दिनु पर्ने व्यवस्थ छ । नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्नानुसारको स्कुलहरुमा fash Report भन्दा वढि विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गरेको विलको आधारमा अनुदान दिएकोले fash Report मा भन्दा वढि संख्याको पाठ्यपुस्तक वापतको रकम असुल गरी वाँकी विद्यालयको सम्वन्धमा समेत कार्यालयले वढी निकासा रकम एकिन गरी असुल हुनुपर्ने रु | ३४२२७.०० |

| श्री विरेन्द्र मा.वि कपुरकोट गार्पा | | | | | |
|---|---|---|---|---|---|
| Flash Report अनुसार | | अनुदान प्रदान पाठ्य | फरक | दर | वढि रकम |
| कक्षा | विद्यार्थि | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुस्तक सेट | | | |
| १ | १५ | २१ | ६ | २३६/- | १४१६.०० |
| २ | १३ | २० | ७ | २३४/- | १६३८.०० |
| ३ | १९ | २२ | ३ | २७९/- | ८३७.०० |
| ५ | १५ | १९ | ४ | ३६८/- | १४७२.०० |
| | | **जम्मा** | | | **५३६३.००** |
| कालिका मा.वि कपुरकोट | | | | | |
| १ | १९ | २२ | ३ | २३८/- | ७१४.०० |
| ३ | १६ | २० | ४ | २८८/- | ११५२.०० |
| ४ | २१ | ३० | ९ | ३३६/- | ३०२४.०० |
| ७ | ४० | ५५ | १५ | ५०३/- | ७५४५.०० |
| ८ | ४६ | ५५ | ९ | ५४३/- | ४८८७.०० |
| १० | ४८ | ५० अर्थशास्त्र र स्वास्थ्य सहित | २ | ४५१/- | ९०२.०० |
| | | **जम्मा** | | | **१८२२४.००** |
| जीवन ज्योति मा.वि रिम | | | | | |
| २ | १४ | १९ | ५ | २६४/- | १३२०.०० |
| ७ | ३८ | ४० | २ | ५०३/- | १००६.०० |
| १० | ६२ | ६८ | ६ | ४५१/- | २७०६.०० |
| | | **जम्मा** | | | **५०३२.००** |
| श्री आधारभुत विद्यालय क्यूरेनी धनवांगञ्ज | | | | | |
| १ | १२ | १४ | २ | २३६/- | ४७२.०० |
| २ | १४ | १७ | ३७ | २३४/- | ७०२.०० |
| ३ | १५ | २० | ५ | २७९/- | १३९५.०० |
| | | **जम्मा** | | | **२५६९.००** |
| श्री दहवन प्राथमिक विद्यालय | | | | | |
| १ | २९ | ३७ | ८ | २३६/- | १८८८.०० |
| २ | २९ | ३२ | ३ | २३४/- | ७०२.०० |
| ३ | २९ | ३० | १ | २७९/- | २७९.०० |
| ४ | २६ | ३० | ४ | ३३६/- | १३४४.०० |
| | | | | | ४२१३.०० |
| | | **कुल जम्मा** | | | **३४२२७.००** |

**४३.४.** भौ.न २३७ मिति २०७५।३।२९ मा विद्यालय मर्ज एवं दरवन्दी मिलानको लागि बनेको समितिलाई अध्ययन तथा प्रतिवेदन तयार गर्नका लागि लागेको खर्च रु ७७५००।०० कार्यालयले भुक्तान गरेको छ । सो समितिले प्रतिवेदन तयारीका लागि जेष्ठ महिनामा विभिन्न विद्यालयको विद्यार्थी संख्या गणना गरेको छ । समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखित विद्यालयको विद्यार्थी संख्या र कार्यालयले छात्रवृत्ति,पाठ्यपुस्तक अनुदानका लागि आधार लिएको वैशाखमा विद्यार्थी भर्ना पछिको Flash Report मा विद्यार्थी संख्या निम्नानुसारको संख्यामा फरक रहेको छ । विद्यालयमा अनुदान निकासाको लागि आधार लिइएको संख्या भन्दा वढि संख्या देखाई विद्यालय मर्ज एवं दरवन्दी मिलान गर्ने नीतिगत निर्णयका लागि विद्यार्थि गणना गर्दा वालविकासका विद्यार्थिको गणना नगरेको कक्षागत विद्यार्थी संख्यामा दलित छात्र छात्राको संख्या फरक पारी गलत तथ्यांक पेश गरेको थप छानविन गरी कारवाहि हुनुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | Flash Report अनुसार कुल विद्यार्थी | अध्ययन प्रतिवेदन अनुसार विद्यार्थी | Flash Report अनुसार दलित विद्यार्थी | अध्ययन प्रतिवेदन अनुसार दलित विद्यार्थी |
|---|---|---|---|---|
| विरेन्द्र मा.वि गैरीवाङ | ३७६ | ३५४ | ४९ | ५५ |
| कालिका मा.वि कपुरकोट | ३७३ | ३७७ | ६६ | ७७ |
| भवानी मा.वि | ४४९ | ४२५ | ६० | ६४ |
| शिद्ध आधारभुत | १८३ | २१४ | ६६ | ७३ |

**४४.** **सामाजिक सुरक्षा तर्फ :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७२ को दफा १४(५) अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गरी वाँकी रहेको रकम फ्रिज हुने व्यवस्था छ । यस गाँउपालिकाबाट भत्ता

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | वितरणको लागि निकासा भएको रकम मध्ये वाँकी भई फिर्ता भएको रकम रु १२३४००।०० मुल सञ्चित खातामा दाखिला गरेको छ । उक्त रकम हालसम्म को.ले.नि.का फिर्ता हुनु पर्नेमा सो भएको नदेखिएकोले वेरुजु खातामा दाखिला हुनुपर्ने रु | १२३४००.० |
| ४४.१. | (क)सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७२ को दफा १५(क) अनुसार सामाजिक सुरक्षा भत्ता प्रथम चौमासिक असोजको १ गतेवाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । साथै सोहि नियमको उपनियम ङ को खण्ड (ई) अनुसार पहिलो चौमासिक कार्तिक मसान्त भित्र, दोश्रो चौमासिक फागुन मसान्त भित्र र तेश्रो चौमासिक अषाढ २० गते भित्र पेश्की फछ्र्यौटका लागि पेश गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिका अन्तरगतको विभिन्न ६ वडालाई सामाजिक सुरक्षा भत्ता तोकिएको मितिमा निकासा दिएको र पेश्की फछ्र्यौटका लागि पेश गरेको देखिएन ।<br>साथै सोहि निर्देशिकाको नियम १४(७) मा पहिलो किस्ताको पेश्की फछ्र्योट नभई अर्को किस्ता निकासा दिईने छैन भन्ने व्यवस्था छ । यस गाँउपालिकाले पहिलो पेश्की फछ्र्योट नभई अर्को किस्ताको पेश्की प्रदान गरेको छ ।<br>निर्देशिकाको नियम ११ अनुसार एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा लाभग्राहीको नाम सम्वन्धित गा.वि.स वा नगरपालिकाको मुल अभिलेखबाट कट्टा गरिने व्यवस्था छ । यस गाँउपालिकाले लाभग्राहिको मुल अभिलेख नराखेको तथा विगत वर्षमाका किस्ता नबुझेका तथा यो वर्षको किस्ता नबुझेका लाभग्राहीको नाम लगत कट्टा गरेको छैन । नियममा व्यवस्था भए बमोजिम अभिलेख राखी लगत कट्टा हुनु पर्दछ । | |
| ४५. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम लिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएको देखिएकोले असुल फछ्र्यौट हुन पर्ने रु. | ७८६६०००. |

| पेश्की लिनेको व्यक्ति/ संस्था | प्रयोजन | पेश्की वाँकी |
|---|---|---|
| रोयल कन्स्ट्रक्सन | भवन निर्माण | ६६१६०००.०० |
| कपुरकोट वजार व्यवस्थापन समिति | खानेपानी संरचना निर्माण | १२५००००.०० |
| जम्मा : | | ७८६६०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४६. | **वित्तीय उत्तरदायित्व मूल्यांकन** : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४४ अंक प्राप्त गरी ग्रेड c प्राप्त गरेको पाइएको छ। उक्त अनुसार सुधार गर्नुपर्ने देखिन्छ। | |
| ४७. | **बेरुजू** - गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु ३ लाख ४० हजार, नियमित गर्नुपर्ने रु ३६ लाख ३७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५३ लाख ४९ हजार र पेश्की रु ७८ लाख ६६ हजार समेत रु १ करोड ७१ लाख ९२ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु ४९ लाख ४० हजार फछ्र्यौट भई रु १ करोड २२ लाख ५३ हजार बेरुजू कायम भएको छ। | |
| ४८. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : (रु हजारमा) | |

| गत वर्षको बेरुजू रकम (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १०८ | ० | १०८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४९. | **अद्यावधिक बेरुजु स्थिति :** गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : (रु हजारमा) | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको कायम बेरुजु | बाँकी |
|---|---|---|---|
| १०८ | ० | १२२५३ | १२३६१ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ।

अनुसूची- १

# कपुरकोट गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५**

(रु.हजारमा)

| सि. नं. | द्धज्ञणजिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | सल्यान | कपुरकोट गा पा | ५१ | १६ | १७१९३ | २ | १ | ४९४० | ५० | १५ | १२२५३ | ३४० | ३६३७ | ४१० | ० | ० | ४३८७ | ० | ७८६६ | ७८६६ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

**२०७४।७५**

**प्रदेश :- कर्णाली**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | कपुरकोट गा पा | सल्यान | ६६६५ | १४९२९८ | ८०९८६ | ६९३१ | २३७२१५ | २७०२२ | ११४३७४ | ७७९५३ | २१९३४९ | २४५३१ |